# दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष निजी सचिव व्यवस्थापन कार्यविधि, २०८०

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
गाउँ कार्यपालिकाबाट मिति २०८०/११/१०
गते पारित भएको दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
अध्यक्ष/उपाध्यक्ष निजी सचिव व्यवस्थापन
कार्यविधि, २०८०, पाना ३ (तीन) प्रमाणित
गरेको छु ।

लोकेन्द्र राई
अध्यक्ष

## दिप्रुङ चुइचुम्मा गाउँपालिका
## खोटाङ

CamScanner

# दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष निजी सचिव व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना:**

श्री प्रदेश सरकार, कोशी प्रदेशको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०८० को दफा ३ (३) बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षको दैनिक कार्यबोझलाई ध्यानमा राखी नियुक्त गरिने निजी सचिव सम्वन्धमा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकारको प्रयोग गरी दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको निर्णयबाट पारित भई यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष निजी सचिव व्यवस्थापन कार्यविधि, २०८०" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "गाउँपालिका" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकालाई सम्झनु पर्छ ।

(२) "अध्यक्ष" दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(३) "उपाध्यक्ष" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(४) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(५) "निजि सचिव" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको निजी सचिवलाई सम्झनु पर्छ ।

३. निजी सचिव नियुक्ती (१) दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अध्यक्ष तथा उपाध्यक्षको दैनिक कार्यसम्पादनलाई सहयोग गर्ने प्रयोजनका लागि अध्यक्षका लागि १ जना तथा उपाध्यक्षका लागि १ जना निजी सचिव नियुक्ती गर्न सकिनेछ ।

२०८०।११।११

CamScanner

(२) अध्यक्ष र उपाध्यक्षले आफूले तोकेको ब्यक्तिलाई करार सेवाका माध्यमद्वारा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ती गर्न सक्नेछ । यसरी करार सेवाबाट नियुक्त गर्दा बढिमा ६ महिनाका लागि नियुक्त गर्न सकिनेछ ।

४. निजी सचिवको सेवा सुविधा (१) निजी सचिवको सेवा सुविधा नेपाल सरकारले तोकेको चौथो तहको कर्मचारी बराबरको रहनेछ ।

५. निजी सचिवको काम, कर्तब्य र अधिकार : (१) निजी सचिवले अध्यक्ष वा उपाध्यक्षको निजी सचिवका रुपमा दैनिक कार्यसम्पादनलाई सहयोग, समन्वय तथा सहजिकरण गर्नुपर्नेछ ।

(२) निजी सचिवले अध्यक्ष वा उपाध्यक्षले तोकेको नीतिगत तथा कानुनी विषयमा कार्यसम्पादन गर्नु पर्नेछ ।

५. यो कार्यविधि तुरुन्त लागू हुनेछ । यो कार्यविधि लागू हुनुभन्दा अगाडी नियुक्त भएका निजी सचिवको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिकाबाट मिति २०८०/११/१० गते पारित भएको दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष निजी सचिव ब्यवस्थापन कार्यविधि, २०८०, पाना ३ (तीन) प्रमाणित गरेको छु ।

लोकेन्द्र राई
अध्यक्ष

दिप्रुङ चुइचुम्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ, कोशी प्रदेश, नेपाल

२०८०।११।११

CamScanner